प्रतापपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नवलपरासी (ब.सु.प.)



# शैक्षिक सुधार सुझाव कार्यदलको

# प्रतिवेदन,२०८१

# हाम्रो भनाइ

व्यक्तिमा रहेका ज्ञान, सिप र क्षमताको प्रस्फुटन गरी व्यक्तिको व्यवहार परिवर्तन गर्दै नैतिकवान र चरित्रवान नागरिक बनाउनु शिक्षाको मूलभूत ध्येय हो । शिक्षालाइ हरेक नागरिकको नैसर्गिक तथा मौलिक अधिकारका रुपमा लिइएको छ । शिक्षामा सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गरी आधारभूत शिक्षाको गुणस्तर वृद्धि गर्न र शिक्षाको माध्यमबाट लैङ्गिक एवं सामाजिक विभेद अन्त्य गरी समान र समतामूलक समाज निर्माणतर्फ वर्तमान शिक्षा नीति तथा कार्यक्रम परिलक्षित छन् । विशेष गरी ग्रामिण भेगका अधिकांश बालबालिकाहरु विपन्नताका कारण विद्यालय शिक्षाबाट बञ्चित भई बाल्यावस्थामै भोको पेटका लागि काममा लाग्नुपर्ने बाध्यात्मक अवस्था पनि विद्यमान छ । खासगरी दलित, अल्पसंख्यक एवं पिछडिएका समुदायका अधिकांश बालबालिकाहरु जीवनोपयोगी र सर्वसुलभ शिक्षाको अभावमा दोहोर्‍याई पढ्नुपर्ने एवं असफलभई बीचैमा कक्षा छाड्नुपर्ने अवस्था, अभिभावक चेतनाको कमि, शिक्षण पेशामा आबद्ध व्यक्तिहरुमा सकारात्मक मनोवृत्तिको अभाव तथाविद्यालयको व्यवस्थापकीय दक्षता, क्षमता तथा कार्यन्वयन पक्षको कमजोरीका कारण विद्यालय व्यवस्थापन एवं शैक्षिक गुणस्तरको कार्य चुनौतिपूर्ण रहेको छ ।

प्रतापपुर गाउँपालिकाको शिक्षा समितिको मिति २०८०।०१।३१ गतेको निर्णयानुसार गठित शैक्षिक सुधार सुझाव कार्यदलले प्रतापपुर गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको शैक्षिक, भौतिक एवम् प्रशासनीक अवस्थाको अध्ययनगरि विद्यालयमा रहेका समस्याहरु पहिल्याउँदै विद्यालयको शैक्षिक सुधारका विषयमा सुझाव संकलन गरेर यो प्रतिवेदन तयार पारेकोछ ।

यस कार्यदलले विद्यालय क्षेत्रका विविध समस्याहरु पहिचान गर्नका लागि विद्यालयमा रहेको पूर्वाधार, शैक्षिक जनशक्ति, आन्तरिक स्रोत,सुशासन, विद्यार्थी उपस्थिति र विद्यालयले गरेका असल अभ्यासहरुलाइ मूख्य आधार बनाइ विद्यालयको अवलोकन गरी विद्यालयका समस्या र सुधारका सुझाव यस प्रतिवेदन मार्फत प्रस्तुत गरेको छ ।यस प्रतिवेदन शैक्षिक सरोकारवालाहरुलाइ शिक्षा नीति तथा शैक्षिक कार्यक्रमहरु प्राथमिकताको आधारमा निर्धारण गरी यस गाउँपालिका भित्रको समस्त शैक्षिक समस्या समाधानमा सहयोग पुर्‍याउन महत्वपूर्ण दस्तावेजको रुपमा रहने अपेक्षा राखिएको छ ।

अन्त्यमा, शैक्षिक सुधार सुझाव कार्यदल गठन गरी महत्वपूर्ण जिम्मेवारी प्रदान गर्ने प्रतापपुर गाउँपालिकाको शिक्षा समितिलाइ विशेष धन्यवाद व्यक्त गर्दै प्रतिवेदन तयार गर्दा विभिन्न छलफल, अन्तरक्रिया, अनुगमन, तथ्यांक संकलन, विश्लेषण, समस्या पहिचान, समाधान तथा सुझाव लेखनसम्म सहयोग पुर्‍याउनुहुने विद्यालय प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, शिक्षक अभिभावक संघका सदस्यहरु, अभिभावक, स्थानीय बुद्धिजिवी, जनप्रतिनिधि लगायत सम्पूर्ण सरोकारवालाहरुलाइ हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

**शैक्षिक सुधार सुझाव कार्यदल**

संयोजक: मान कुमारी चौधरी (गाउँपालिका उपाध्यक्ष)
सदस्य: मुक्तिनाथ पाण्डे (शैक्षिक व्यक्तित्व)
सदस्य: धन बहादुर ज्ञवाली (प्रधानाध्यापक आदर्श मा.वि. सेमरी)
सदस्य: सुजित गुप्ता (प्रधानाध्यापक एच पाठशाला बाउन्नगढी)
सदस्य सचिव: डिल्लीराम ढुंगाना (शिक्षा अधिकृत)

## विषय सूची


| | | |
|---|---|---|
| **१. परिचय** | | १-५ |
| १.१ | प्रतापपुर गाउँपालिकाको परिचय | १ |
| १.२ | शैक्षिक पृष्ठभूमी | २ |
| १.३ | अध्ययनको उद्धेश्य | ३ |
| १.४ | अध्ययनको विधि, प्रक्रिया र सिमा | ४ |
| १.५ | अध्ययनको औचित्य | ४ |
| **२. शैक्षिक दस्तावेज** | | ५-९ |
| २.१ | संविधान र कानुन | ५ |
| | क) नेपालको संविद्यानमा शिक्षा सम्बन्धी व्यवस्था | ६ |
| | ख) स्थानीय सरकार सञ्चालन ऐनमा भएको शिक्षा सम्बन्धी व्यवस्था | ६ |
| | ग) प्रतापपुर गाउँपालिकाको शिक्षा सम्बन्धी व्यवस्था | ८ |
| २.२ | विद्यालय सञ्चालन पद्धति | ८ |
| **३. विविध विद्यालयगत विवरण** | | १०-३४ |
| ३.१ | विद्यार्थी संख्या | १० |
| ३.२ | शैक्षिक जनशक्ति | १३ |
| ३.३ | सिकाइ उपलब्धि | १८ |
| ३.४ | आर्थिक अवस्था | २७ |
| ३.५ | भौतिक पूर्वाधार | २८ |
| ३.६ | विद्यालयगत विद्यार्थी अनुपस्थिति | २९ |
| ३.७ | विद्यालय सुशासन | ३३ |
| ३.८ | विद्यालयले गरेको नयाँ अभ्यास | ३४ |
| **४. विश्लेषण** | | ३५-३८ |
| **५. समस्या र चुनौति** | | ३९-४० |
| **६. समाधानका उपाय** | | ४१-४२ |
| **७. सुझावहरु** | | ४३-४४ |
| **सन्दर्भ सामग्री** | | |
| **अनुसूची** | | |

# एक
# परिचय

## १.१ प्रतापपुर गाउँपालिकाको परिचय

प्रतापपुर गाउँपालिका नेपालको लुम्बिनी प्रदेशको नवलपरासी (ब.सु.प.) जिल्लामा अवस्थित छ। जिल्लाको उत्तरी भागमा पहाडी क्षेत्र पर्दछ जुन पाल्पा जिल्लासँग सिमाना जोडिएको छ, मध्यभागमा भित्री मधेश अर्थात् भित्री तराई क्षेत्र पर्छ भने दक्षिणी भाग समथर तराई क्षेत्र हो, जुन भारतको उत्तर प्रदेश राज्यसँग सिमाना जोडिएको छ। जिल्लाको अक्षांश करिब २७°२१' देखि २७°४५' उत्तर र देशांश करिब ८३°२३' देखि ८३°५७' पूर्वसम्म फैलिएको छ। नेपालको संविधान २०७२ अनुसार पुनरसंरचना गर्ने क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले नेपालमा ७५३ स्थानीय तहहरु बनाउने निर्णय पारित गरेपछि वि.सं. २०७३ फागुन २७ गते यो गाउँपालिका गठन भएको थियो। यो गाउँपालिकामा ९ वटा वडा रहेका छन्। यस गाउँपालिकाको सिमाना पूर्वमा सुस्ता गाउँपालिका, पश्चिममा सरावल गाउँपालिका, उत्तरमा वर्दघाट नगरपालिका र दक्षिणमा भारत रहेको छ। राष्ट्रिय जनगणना २०७८, अनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या ४९,८९७ (महिला ५०.३% र पुरुष ४९.७%), क्षेत्रफल ८७.५५ वर्गकिलोमिटर र साक्षरता ७२.९% (महिला ६३.६% र पुरुष ८२.४%) रहेको छ। यस पालिका अन्तर्गत सामुदायिक, धार्मिक र संस्थागत गरि जम्मा ५१ वटा विद्यालयहरु संचालनमा रहेका छन् भने एउटा स्नातक तह संचालन भएको क्याम्पस रहेको छ। यस पालिका अन्तर्गत सुरजपुरामा १५ मेगावाटको जलविद्युत आयोजना गण्डक जल विद्युत केन्द्र रहेको, केवलपुर रेतामा ५ मेगावाट विद्युत उत्पादन गर्ने सौर्य उर्जा केन्द्र र बर्द्रिघाटमा औधोगिक संस्थानको रुपमा एक उखु चिनी मिल संचालित रहेको छ।

यस जिल्लाको भौगोलिक अवस्थिति प्राकृतिक सौन्दर्यता, जैविक विविधता, सीमापार सम्बन्ध र कृषि उत्पादनको दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण छ। भिन्न-भिन्न भू-प्रकृतिका कारण यहाँ विभिन्न जातजाति र समुदायको मिश्रित बसोबास पाइन्छ, जसले जिल्लाको सामाजिक तथा सांस्कृतिक पक्षलाई पनि समृद्ध बनाएको छ। यस्तो भौगोलिक विविधता भएको जिल्लाले समुचित योजनाका साथ विकास र समृद्धिको दिशामा तीव्र गतिमा अघि बढ्न सक्छ।

यस गाउँपालिकामा मधेसी, थारु, मुस्लिम, ब्राह्मण, दलित लगायतका जातजातीको बाहुल्यता र बसोबास रहेको छ। ग्रामिण क्षेत्रको बाहुल्यता भएको यो गाउँपालिकाका अधिकांश नागरिकको प्रमुख आम्दानीको स्रोत कृषि उत्पादन नै हो। यस गाउँपालिकामा प्रशस्त उर्वर भुमी रहेको हुँदा यहाँका बासिन्दाहरु कृषि पेशामा मात्रै आबद्ध हुदा पनि वर्षभरी खानको लागि समस्या नरहेको देखिन्छ। उखु, केरा, धान, गहुँ, तोरी, दुग्ध पदार्थ यहाँका प्रमुख उत्पादन हुन्। पछिल्लो समयमा हरियो तरकारी उत्पादनले समेत व्यवसायिक रुप लिंदैछ। कृषि बाहेक यहाँका मानिसहरुले वैदेशिक रोजगार, व्यापार व्यवसाय, सिपमुलक कार्यहरु, ज्याला मजदुरी पनि गर्दै आएको विभिन्न सर्वेक्षणले देखाएको अवस्था छ।

## १.२ शैक्षिक पृष्ठभूमी

यस गाउँपालिकामा सामुदायिक, धार्मिक र संस्थागत विद्यालयहरु रहेका छन् । जस मध्ये २३ वटा सामुदायिक, ८ वटा धार्मिक र २० वटा संस्थागत विद्यालय हाल सञ्चालनमा रहेका छन् । यस गाउँपालिका अन्तर्गत ४ वटा सामुदायिक सिकाइ केन्द्र र १ वटा सुस्त श्रवणका बालबालिका पढाइहुने स्रोतकक्षा पनि सञ्चालनमा रहेको छ । यस गाउँपालिकामा इलेक्ट्रिकल इन्जिनियरिङ (कक्षा ९-१२) पढाइहुने प्राविधिक धारको १ वटा विद्यालय र सोही विद्यालयमा इलेक्ट्रिकल तर्फ प्रि-डिप्लोमा पढाइहुने सिटिइभिटीको कार्यक्रम रहेको छ । हाल यस गाउँपालिकामा सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक संस्थाहरुको नाम, ठेगाना र सञ्चालित कक्षाहरुको सम्पूर्ण विवरण यस प्रकार रहेको छ ।

| प्रतापपुर गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको विवरण | | | | |
|---|---|---|---|---|
| क्र.स. | विद्यालयको नाम | वडा नम्बर | स्थान | संचालित कक्षा |
| १ | लक्ष्मीपुरा आधारभूत विद्यालय | प्रतापपुर–१, | सिसहनिया | ८ सम्म |
| २ | ब्रह्मबाबा आधारभूत विद्यालय | प्रतापपुर १, | जमुनिया | ८ सम्म |
| ३ | आदर्श माध्यमिक विद्यालय | प्रतापपुर–२, | सेमरी | १२ सम्म |
| ४ | जनता प्राथमिक विद्यालय | प्रतापपुर–२, | घोडहा | ५ सम्म |
| ५ | महेन्द्र माध्यमिक विद्यालय | प्रतापपुर–३, | सोमनी | १० सम्म |
| ६ | विरेन्द्र आधारभूत विद्यालय | प्रतापपुर–३, | बरगदवा | ८ सम्म |
| ७ | सावित्री आधारभूत विद्यालय | प्रतापपुर–४, | हर्षपुरा | ८ सम्म |
| ८ | जनजागृतिआ.आधारभूत विद्यालय | प्रतापपुर–४, | ठुलोखैरटवा | ८ सम्म |
| ९ | जनता आधारभूत विद्यालय | प्रतापपुर ४, | बर्दघाट | ८ सम्म |
| १० | गणेश प्राथमिक विद्यालय | प्रतापपुर–५, | बडकी बैदौली | ५ सम्म |
| ११ | गणेश माध्यमिक विद्यालय | प्रतापपुर–५, | बसहिया | १० सम्म |
| १२ | जनता प्राथमिक विद्यालय | प्रतापपुर–५, | धमौली | ५ सम्म |
| १३ | जनजागृति माध्यमिक विद्यालय | प्रतापपुर–६, | गुठीप्रसौनी | १२ सम्म |
| १४ | गणेशमान प्राथमिक विद्यालय | प्रतापपुर–६, | केवलपुर | ३ सम्म |
| १५ | जीवनज्योति प्राथमिक विद्यालय | प्रतापपुर–७, | झुलनीपुर | ५ सम्म |
| १६ | गणेश माध्यमिक विद्यालय | प्रतापपुर–७, | जगनाथपुर | १० सम्म |
| १७ | ज्ञानमन्दिर आधारभूत विद्यालय | प्रतापपुर ७, | सूर्यपुरा | ७ सम्म |
| १८ | बी.पी.स्मृति प्राथमिक विद्यालय | प्रतापपुर–८, | मर्चहवा | ५ सम्म |
| १९ | डम्बर बहादुर आधारभूत विद्यालय | प्रतापपुर–८, | पिपरपाती | ९ सम्म |
| २० | ज्ञानज्योति प्राथमिक विद्यालय | प्रतापपुर–९, | अठिलही | ५ सम्म |
| २१ | कोटही प्राथमिक विद्यालय | प्रतापपुर ९, | माधवपुर | ५ सम्म |
| २२ | बाल्मिकी आधारभूत विद्यालय | प्रतापपुर–९, | खैरहनी | ८ सम्म |
| २३ | त्रिभुवन माध्यमिक विद्यालय | प्रतापपुर–९, | बेलाटारी | १२ सम्म |
| प्रतापपुर गाउँपालिका अन्तर्गतका परम्परागत (धार्मिक) विद्यालयहरुको विवरण | | | | |
| १ | मदरसा अरबिया अलहे हर्षपुरा | प्रतापपुर ४, | हर्षपुरा | ३ सम्म |
| २ | मदरसा अजिजिया अहले सुन्नत | प्रतापपुर–५, | बैदौली | ३ सम्म |
| ३ | मदरसा रहमतीया श्रीरामपुर | प्रतापपुर–५, | बैदौली | ३ सम्म |
| ४ | मदरसा मदीनतुल ओलम मा वि | प्रतापपुर–६, | हरपुर | १२ सम्म |
| ५ | मदरसा दारुल किताब वस्सुनह | प्रतापपुर–७, | गुठी सूर्यपुरा | ५ सम्म |

| | | | | |
|---|---|---|---|---|
| ६ | मदरसा अरबिया अलहे सोमनी | प्रतापपुर–३, | सोमनी | ३ सम्म |
| ७ | पशुपति शिक्षा मन्दिर जमुनिया | प्रतापपुर–१, | जमुनिया | ५ सम्म |
| ८ | पशुपति शिक्षा मन्दिर सूर्यपुरा | प्रतापपुर ७, | सूर्यपुरा | ५ सम्म |
| प्रतापपुर गाउँपालिका अन्तर्गतको प्राविधिक धारको विद्यालय | | | | |
| १ | त्रिभुवन माध्यमिक विद्यालय | प्रतापपुर–९, | बेलाटारी | ९-१२ इलेक्ट्रिकल इन्जिनियरिङ |
| प्रतापपुर गाउँपालिका अन्तर्गतको सिटिइभिटी कार्यक्रम सञ्चालित विद्यालय | | | | |
| १ | त्रिभुवन माध्यमिक विद्यालय | प्रतापपुर ९, | बेलाटारी | प्रिडिप्लोमा १८ महिने इलेक्ट्रिकल |

| प्रतापपुर गाउँपालिका अन्तर्गतका संस्थागत विद्यालयहरुको विवरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | संस्थागत विद्यालयको नाम | ठेगाना | स्थान | सञ्चालित कक्षा |
| १ | लिटिल बुद्ध ऐजुकेशन फा.प्रा.लि. | प्रतापपुर–१ | गोपिगंज | १२ सम्म |
| २ | आदर्श इ.बो.हाई स्कूल | प्रतापपुर २ | सेमरी | १२ सम्म |
| ३ | आदर्श पब्लिक इ.बो.स्कूल | प्रतापपुर–२ | सेमरी | १० सम्म |
| ४ | एन.सी.नमुना इ.बो.स्कूल | प्रतापपुर–३ | गिदहा | ५ सम्म |
| ५ | गोल्डेन लाइफ स्कूल | प्रतापपुर ३ | अमहवा | ८ सम्म |
| ६ | ओमशान्ति इ.बो.स्कूल | प्रतापपुर–४ | पर्सा | ८ सम्म |
| ७ | आर.टी.मेमोरियल ई.बो. | प्रतापपुर–४ | खैरटवा | ८ सम्म |
| ८ | मनोरमा ब्रेनवक्स एजुकेशन एकेडेमी | प्रतापपुर–५ | बसहिया | ७ सम्म |
| ९ | एपेक्स बोर्डिङ स्कूल | प्रतापपुर ६ | कठहवा | ५ सम्म |
| १० | बाल्मिकी ई.बो.स्कूल | प्रतापपुर ७ | जगन्नाथपुर | ८ सम्म |
| ११ | डिबनी सिद्धार्थ इ.स्कूल | प्रतापपुर–७ | डिबनी | ५ सम्म |
| १२ | पिपरपाती इ.बी.स्कूल | प्रतापपुर–८ | पिपरपाती | ८ सम्म |
| १३ | डायमण्ड ई.स्कूल | प्रतापपुर–८ | गंगापुर | ८ सम्म |
| १४ | बेलाटारी चिल्ड्रेन्स एकेडेमी | प्रतापपुर ९ | बेलाटारी | १० सम्म |
| १५ | सनराइज ई.बो.स्कूल | प्रतापपुर–९ | पकरकट्टी | १० सम्म |
| १६ | अर्पण एजुकेशन फा.प्रा.लि. | प्रतापपुर–१ | गोपिगंज | १ सम्म |
| १७ | हेप्पी होम एकेडेमी | प्रतापपुर–२ | गोपिगंज | २ सम्म |
| १८ | सुमार्ग ई.बो.स्कूल | प्रतापपुर–५ | बेतहानी | २ सम्म |
| १९ | ग्यालेक्सी एजुकेशलन एकेडेमी | प्रतापपुर ६ | केवलपुर | २ सम्म |
| २० | एन पाठशाला बाउन्नगडी | ,प्रतापपुर–१ | बाउन्नगडी | ६ सम्म |

| प्रतापपुर गाउँपालिका अन्तर्गतका सामुदायिक सिकाइ केन्द्रहरुको विवरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | नाम | ठेगाना | स्थान | कैफियत |
| १ | कोटही देवी सा.सि.के. | प्रतापपुर- ४ | ठुलोखैरटवा | |
| २ | कालिका सा.सि.के. | प्रतापपुर- ७ | सुर्यपुरा | |
| ३ | लुम्बिनी सा.सि.के. | प्रतापपुर -९ | प्रतापपुर | |
| ४ | जागृति सा.सि.के. | प्रतापपुर -८ | पिपरपाती | |

## १.३ अध्ययनको उद्धेश्य

यस गाउँपालिकाले सामुदायिक विद्यालयको शैक्षिक सुधारको लागि नीतिगत रुपमा विभिन्न योजनाहरु तय गरि प्रयास गरिरहेको अवस्था छ । समग्रमा यस अध्ययन प्रतिवेदनको उद्धेश्य सामुदायिक विद्यालयको शैक्षिक, भौतिक तथा प्रशासनीक अवस्थाको पहिचान गर्दै यस गाउँपालिका भित्रको शैक्षिक सुधारका लागि विद्यालयलाइ सहयोग गराउनुपर्ने क्षेत्रहरुको पहिचान गरी आवश्यक सुझाव संकल गर्नु हो । यो अध्ययन प्रतिवेदनका उद्धेश्यहरु मूलत देहाय बमोजिम रहेका छन् ।

- विद्यालयहरुको शैक्षिक, भौतीक र प्रशासनीक यथार्थ अवस्था पहिचान गर्ने,
- गाउँपालिकाले विद्यालयहरुलाइ सहयोग गर्नु पर्ने क्षेत्रहरु पहिचान गर्ने,
- शैक्षिक सुधारका लागि आवश्यक सुझाव प्रदान गर्ने ।

## १.४ अध्ययनको विधि, प्रक्रिया र सिमा

यस शैक्षिक सुधार कार्यदलले यस प्रतापपुर गाउँपालिका भित्रका विद्यालयहरुको शैक्षिक, प्रशासनीक, भौतिक तथा अन्य विविध क्षेत्रको अध्ययनको लागि तपसिलको विधि प्रक्रिया अवलम्बन गरीएको छ ।

- ✓ छलफल
- ✓ अन्तरक्रिया
- ✓ विद्यालय अभिलेखहरु अध्ययन
- ✓ अवलोकन र अनुगमन
- ✓ तथ्यांक संकलन र विश्लेषण

### अध्ययनका सिमाहरु

- अध्ययनका विषयवस्तु यस गाउँपालिकाको क्षेत्रमा मात्र सिमित गरिएको छ ।
- यो प्रतिवेदन गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा मात्र केन्द्रीत छ ।
- अध्ययनबाट प्राप्त निष्कर्षहरु सुझावका रुपमा मात्र प्रस्तुत गरिएको छ ।

## १.५ अध्ययनको औचित्य

हरेक स्थानीय तहलाइ आफ्नो सेवा क्षेत्रका सामुदायिक विद्यालयको शैक्षिक सुधार गरी शिक्षाको सबलीकरण गर्न अपरिहार्य छ । कुनै पनि ठाउँको विकाश,समृद्धि र सभ्यताको लागि शिक्षा मेरूदण्ड हो । युग अनुसार शिक्षाको प्रत्याभुति गर्दै जानु आजको आवश्यकता हो । यस गाँउपालिकाको पनि एक सबल, सक्षम र योग्य नैतिकवान र चरित्रवान नागरिक बन्न सक्ने बालबालिका उत्पादन गर्ने लक्ष्य राखेको छ । विद्यालय तहमा रहेका सस्याहरूलाई

बेलैमा पत्ता लगाई, सो समस्या समाधानका उपायहरुको खोजी गर्दै गाँउपालिकाको शिक्षाको स्तरलाई सुधार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न यो अध्ययन प्रतिवेदन आवश्यक रहेको छ । यस अध्ययन प्रतिवेदनबाट गाउँपालिका, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरु तथा अभिभावक लगायत शैक्षिक सरोकारवालाहरु समेतलाइ यथार्थताको पहिचान गरी तपसिलका विषयमा जानकारी लिन औचित्य पूर्ण रहेको छ ।

- यस गाउँपालिका भित्रका शिक्षा क्षेत्रमा देखिएका समस्याहरु जानकारी लिन,
- समस्या पहिचान गरी सुधारका उपाय अवलम्बन गर्न,
- शैक्षिक नीति तथा योजना निर्माण गर्न,
- शैक्षिक योजनाहरुको प्राथमिकीकरण गर्न,
- विद्यालयको अवस्था अनुसार शैक्षिक रणनीति तय गर्न,
- विद्यालयहरुको शैक्षिक तथा भौतिक पक्षको तुलनात्मक अध्ययन गर्न,
- विद्यार्थी संख्या र शिक्षक दरबन्दी विवरणको जानकारी लिन,
- कार्यरत शिक्षकहरुको विवरणको जानकारी लिन,
- विद्यालयगत शिक्षक दरबन्दीको बारेमा जानकारी लिन,
- शैक्षिक सुधारका लागि गराउनुपर्ने प्रयासको विषयमा जानकारी लिन ।

## २ शैक्षिक दस्तावेज

### २.१ संवैधानीक र कानुनी व्यवस्थाहरु

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार माध्यमिक तह सम्मको शिक्षा स्थानीय तहले सञ्चालन गरिरहेको अवस्था छ । प्राप्त अधिकार संगै विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा समग्र विद्यालयको अवस्था उकास्ने जिम्मेवारी स्थानीय तहको मातहतमा आएको छ । शिक्षालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय तहहरुको भूमिका उत्तिकै अतुलनिय छ । आफ्नो स्थानीय तहमा भए गरेका शैक्षिक समस्यालाइ राम्ररी नियाल्दै त्यस्ता समस्याहरु समाधन गर्न स्थानीय सरकारलाइ एउटा अवसर र चुनौतिको विषय समेत बनेको छ । सरकारले केन्द्रिकृत प्रणालीबाट फड्को मार्दै विकेन्द्रीत प्रक्रिया अनुरुप शिक्षाको अधिकार स्थानीय तह सम्म दिनु अतिनै स्वागत योग्य कदम बनेको छ । शिक्षा सुधारमा सक्षम स्थानीय सरकार र स्थानीय सरोकार वालाहरु शिक्षा प्रति जागरुक देखिएभने शैक्षिक विकासमा देशले ठुलो फड्को मार्ने देखिन्छ । शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न, शिक्षा प्राप्त गर्ने संविधान प्रदत्त नागरिकको मौलिक हकलाई सरल, सहज तथा सर्वसुलभ र जीवनोपयोगी बनाउन स्थानीय तहहरु उत्तिकै जिम्मेवार छन् । माध्यमिक तह सम्मको शिक्षामा स्थानीय तहलाइ जिम्मेवारी दिँदै अपनत्व बोध गराइ अधिकार प्राप्त गराउन संघ, प्रदेश र स्थानीय तहमा बनेका ऐन, नियमहरु तपसिल अनुसार हेर्न सकिन्छ ।

## क. नेपालको संविधानमा शिक्षा सम्बन्धी व्यवस्थाहरु

नेपालको संविधानले शिक्षा पाउने नागरिकको हकलाइ भाग ३ को मौलिक हक र कर्तव्य अन्तरगत धारा ३१ मा ५ वटा उपधारा सहित शिक्षाको हकलाई मार्ग निर्देश गरेको छाजस अनुसार कायम गरिएका शिक्षाका मौलिक हकहरुलाई तपसिल अनुसार उल्लेख गरि स्पष्ट पारिएको छ ।

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

(३) अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाइ कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

## ख. स्थानीय सरकार सञ्चालन ऐनमा भएको शिक्षा सम्बन्धी व्यवस्था

### आधारभूत र माध्यमिक शिक्षा

- ✓ प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन ।
- ✓ सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालयहरूको स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन ।
- ✓ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन ।
- ✓ मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन ।
- ✓ गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन ।
- ✓ गाउँ तथा नगर शिक्षा समितिको गठन तथा व्यवस्थापन ।
- ✓ विद्यालय व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन ।
- ✓ विद्यालयको नामाङ्कन (नामांकरण) ।
- ✓ सामुदायिक विद्यालयहरूको स्वामित्व, सम्पत्तिको अभिलेख राख्ने, संरक्षण गर्ने र व्यवस्थापन गर्ने ।
- ✓ विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण ।
- ✓ सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान ।
- ✓ विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन ।

- ✓ सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत, सम्भार तथा व्यवस्थापन।
- ✓ आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन।
- ✓ विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण तथा व्यवस्थापन।
- ✓ नि:शुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन।
- ✓ ट्युसन, कोचिङ जस्ता अध्यापन सेवाको अनुमति तथा नियमन।
- ✓ स्थानीय तहको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन तथा स्तरीकरण।
- ✓ स्थानीय पुस्तकालय तथा वाचनालयको सञ्चालन तथा व्यवस्थापन।
- ✓ माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय तथा नियमन।
- ✓ सामुदायिक विद्यालयलाई प्रदान गरिने अनुदान, बजेट व्यवस्थापन तथा विद्यालयको आय-व्ययमा लेखा अनुशासन कायम गर्न अनुगमन तथा नियमन।
- ✓ शिक्षण–सिकाइ, शिक्षक तथा कर्मचारीको तालिम तथा क्षमता विकास।
- ✓ अतिरिक्त शैक्षिक क्रियाकलापहरूको सञ्चालन।

स्थानीय तहलाइ शिक्षा सम्बन्धी प्राप्त अधिकारहरुको बारेमा माथि उल्लेखित बुंदाहरुबाट आफुले पाएको जिम्मेवारीको दायरा स्पष्ट देखिन्छ। माध्यमिक तह सम्मको शिक्षाका विविध पक्षहरु जस्तै दरबन्दी मिलान, सञ्चालन, व्यवस्थापन, नियमन जस्ता मुख्य कार्यहरु दिइएको हुँदा स्थानीय तहमा शिक्षामा पूर्ण जिम्मेवारी प्राप्त भएको देखिन्छ। शिक्षाका २३ अधिकार मध्ये तत्कालीन रुपमा गर्नुपर्ने र दीर्घकालीन रुपमा गराउनुपर्ने कामहरूको प्राथमिकीकरण गरी नियम र कार्यविधि बनाउन शिक्षा क्षेत्रमा कार्यरत कर्मचारी र शिक्षक, शिक्षकका पेशागत संस्थाहरुको गाँउ पालिकाले सहयोग र सहभागिता गराइ विगतमा बनेका ऐन, नियममा तल्लो तहको सहभागिता नभएको, सरोकारवाला बीच छलफल हुन नसकेको र आवश्यक्ता सम्बोधन गर्न नसकेको अवस्थालाइ सम्बोधन हुने गरी जानुपर्ने देखिन्छ। नागरिक समाज, सरोकारवाला समूह र त्यससंगका स्थानीय विज्ञको अधिकतम उपयोग गर्न स्थानीय तहले समेत चुकाउनु हुँदैन।

साथै वडा समितिको काम, कर्तव्य र अधिकारहरूमध्ये शिक्षा सम्बन्धी अधिकारमा बाल उद्यानको व्यवस्था गर्ने, अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बाल क्लब तथा बाल सञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने, विद्यालयको कक्षा थपको लागि सिफारिस गर्ने र विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने उल्लेख गरिएको भएता पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्था छ। वडा कार्यालयहरुबाट शिक्षा क्षेत्रमा गराउनुपर्ने कामको जिम्मेवारी बोध गराइ सबै वडाहरु शैक्षिक सुधारको विषयमा हातेमालो गरी अगाडी बढ्नुपर्ने देखिन्छ।

## ग. प्रतापपुर गाउँपालिकाको शिक्षा सम्बन्धी कानुनी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गरि प्रतापपुर गाउँपालिकाले पनि शिक्षा ऐन बनाइ कार्यान्वियनमा ल्याएको अवस्था छ । यस गाउँपालिका भित्रका शैक्षिक संस्थाहरुको सुधार गरी शैक्षिक संस्थाहरुको नियमन गर्न विभिन्न समिति हरुको गठन काम कर्तव्य अधिकार तोकी सोही अनुसार कार्यान्वियनमा ल्याएको छ । यस ऐनमा विद्यालय सुधारको लागि विद्यालय अनुगमन समिति समेतको परिकल्पना गरी शैक्षिक संस्थाहरुको नियमित अनुगमन हुने गरेको छ । विद्यालय अनुगमनबाट प्राप्त सुझावहरुको आधारमा शैक्षिक योजना, शिक्षा नीति र कार्यविधिहरु निर्माण गरी वार्षिक कार्यक्रमहरू कार्यान्वियन हुँदै आइरहेको छ । प्रतापपुर गाउँपालिकामा बनेका शिक्षा सम्बन्धी ऐन तथा कार्यविधिहरु तपसिल बमोजिम रहेका छन् ।

- प्रतापपुर गाउँपालिकाको शिक्षा ऐन, २०७७ (संसोधन, २०७९)
- शिक्षक अनुदान कार्यविधि, २०७५
- दरबन्दी मिलान कार्यविधि, २०७६
- प्रतापपुर गाउँपालिकाको पञ्चवर्षीय शैक्षिक योजना (२०७९-०८० देखि २०८३-०८४)
- शिक्षक तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि, २०७९
- अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन सम्बन्धी कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७९
- सामुदायिक विद्यालयमा पाले व्यवस्थापन कार्यविधि, २०७९

## २.२ विद्यालय सञ्चालन पद्धति

विद्यालय शिक्षाको उज्यालो छर्ने काम सबै भन्दा बढी महत्वपूर्ण विषय हो । प्राचिन समयमा विद्यार्थीको शिक्षा आर्जनको लागि आश्रम, कुटी, वृक्ष तथा गुरुकुल घरहरुमा जानु पर्दथ्यो। पहीले शिक्षा आर्जनको लागि कुनै औपचारीक संस्था नभएको अवस्था थियो । अहिले औपचारीक रुपमा सामुदायिक र संस्थागत विद्यालयह सञ्चालन भएका छन् । सामुदायिक विद्यालयमा सरकारको लगानी छ भने संस्थागत विद्यालयहरु निजी क्षेत्रबाट सञ्चालित छन् । सामुदायिक विद्यालयको विषयमा कुरा गर्दा शिक्षक तथा अन्य आवश्यक आर्थिक व्यवस्थापन सरकारी अनुदानबाट हुने गर्दछ । यसको संञ्चालन तथा व्यवस्थापनमा स्थानीय अभिभावक र समुदायका व्यक्ति रहन्छन । विद्यालयका हरेक गतिविधिमा निर्णय गर्ने संयन्त्रका रुपमा विद्यालय व्यवस्थापन समिति रहेको हुन्छ । विद्यालयका शैक्षिक गतिविधिमा सहयोग पुऱ्याउन विव्यस, शिक्षक अभिभावक संघ तथा सामाजिक परीक्षण समिति रहेका हुन्छ । शिक्षा ऐन २०२८ मा विद्यालयमा बनेका विभिन्न समिति र विद्यालय प्रशासन संग सम्बन्धित व्यक्तिहरु प्रधानाध्यापक, शिक्षक, कर्मचारीले गर्नु पर्ने काम, कर्तव्य र अधिकारको विषयमा स्पष्ट उल्लेख गरिएको छ ।

नेपालको संविधान २०७२ मा आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहको जिम्मामा हुने भनिएको र स्थानीय सरकार संञ्चालन ऐनमा पनि आधारभूत र माध्यमिक शिक्षाको अधिकार किटान गरिसकेको अवस्था

छ । अहिले वि.व्य.स. गठन तथा अन्य शैक्षिक गतिविधिमा स्थानीय सरकारका छुट्टै ऐन, नियम र कार्यविधिहरु तयार गरी सोही बमोजिम कामहरु हुँदै आएको अवस्था छ । संरचना तथा कानुनी आधार तयार गरी सुशासन, पारदर्शिता र जवाफदेहीता कायम गर्ने रणनीति अनुसार सार्वजनिक माध्यमिक विद्यालयमा अलग्गै प्रधानाध्यापकको व्यवस्था गरिने कार्यनीति रहेको पन्ध्रौ योजनाको आधार पत्रमा उल्लेख छ । यसबाट पनि प्रअको भुमिका अलग्गै खोजिएको देखिन्छ । हालको ५ वर्ष माथिको ७६.२ साक्षरता प्रतिशतलाइ अबको ५ बर्षमा ९५ प्रतिशत पुर्याउने सोह्रौ योजनाको लक्ष्य अनुरुप विद्यालय बाहिर रहेका तथा विद्यालय छाड्ने बालबालिकालाइ समेत विद्यालय शिक्षामा सहभागि गराइ निरन्तरता दिन सकेमा सरकारको लक्ष्य अनुरुप साक्षरता कायम गर्न सकिने देखिन्छ । सोह्रौ योजना अनुरुप शैक्षिक सुधारका लागि आवश्यक नीति, कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्ड जारी गर्ने, विद्यालयमा साधारणतर्फ अध्ययन गर्नेभन्दा प्राविधिक धारतर्फ अध्ययन गर्ने विद्यार्थीको अनुपात क्रमशः वृद्धि गर्ने गरी नीतिगत व्यवस्था गर्दै शैक्षिक क्यालेन्डरको निर्माण र कार्यान्वयन गरी शैक्षिक सुपरिवेक्षण, अनुगमन तथा निरीक्षणको संरचनागत व्यवस्था गरी सुपरिवेक्षण र अनुगमनमा तीनै तहका सरकार बीचमा समन्वय र सहकार्य गर्ने, शैक्षिक संस्थाको नक्साङ्कन र समायोजन गरी सबै शैक्षिक संस्थामा न्यूनतम जनशक्तिको व्यवस्थापन गर्ने, एकीकृत शैक्षिक सूचना प्रणालीको सबलीकरण र अनुगमन तथा प्रतिवेदन प्रणालीको सुदृढीकरण गर्न सके शैक्षिक प्रणालिमा सुधार हुने देखिन्छ । शैक्षिक सुधारका विषयहरुलाइ स्थानीय तहले पनि महत्व दिइ सोही अनुरुपका कार्यक्रम ल्याउनुपर्ने अवस्था छ । फ्ल्यास रिपोर्ट २०८० अनुसार प्रतापपुर गाउँपालिकाको मुख्य शैक्षिक सुचाकहरुलाई तपसिल अनुसार हेर्न सकिन्छ ।

**फ्ल्यास रिपोर्ट २०८० अनुसार प्रतापपुर गाउँपालिकाको विभिन्न तहको शैक्षिक सुचकोकहरु**

| क्र.सं. | कक्षा / तह | कुल भर्ना दर | खुद भर्ना दर | विद्यालय दोहोर्याउने दर | विद्यालय छाड्ने दर |
|---|---|---|---|---|---|
| १ | १-५ | १२८ | ९५.७ | १५.२ | ३.७ |
| २ | ६-८ | ९७.८ | ९३.३ | १०.८ | ३.९ |
| ३ | ९-१० | ८७.३ | ७९.२ | २.४ | ४.७ |
| ४ | ११-१२ | ४६.४ | २३.८ | - | १.२ |

माथीको तालिका अनुसार प्रतापपुर गाउँपालिकाको वर्तमान शैक्षिक अवस्थालाई हेर्दा सवै शैक्षिक सुचकहरुमा कमजोर रहेको देखिन्छ । आधारभूत तह सम्मको शिक्षामा कक्षा दोहोर्याउने दर र माध्यमिक तह सम्मको शिक्षामा कक्षा छाड्ने दर उच्च रहेको देखिन्छ । साथै माध्यमिक तहको कक्षाहरुमा विद्यार्थी भर्ना दर नै न्यून रहेको पाइन्छ । यस्तो परिवेशमा गाउँपालिका तथा विद्यालय स्तरबाट शैक्षिक चेतना अभिवृद्धिका कार्यक्रमहरु अभिभावक लक्षित गरी ल्याउन सके शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चितता सँगै शैक्षिक सुधार गर्न सकिने देखिन्छ ।

विद्यालय सुधारका लागि गरिएको यो अध्ययनले विद्यालय नेतृत्वको सोच, योजना र कामलाई पनि खोज्ने प्रयत्न गरेको छ । राम्रो व्यवस्थापन प्रणालिका सिद्धान्त बुझेका नेतृत्वले नै सामुदायिक विद्यालयको सबलिकरण गर्न सक्छन । व्यवस्थापनलाइ प्रभावकारी बनाउन नेतृत्वले समुदायको सहभागिता मूलक वातावरण सिर्जना गराउने इच्छा राख्न सक्नुपर्छ । विद्यालय नेतृत्व समाजको लागि प्रेरक, सहयोगि, मिलनसार तथा समस्या समाधान कर्ता हुनुपर्छ ।

## ३ विविध विद्यालयगत विवरण

### ३.१ विद्यार्थी

**शैक्षिक सत्र २०८० र २०८१ को विद्यालयगत विद्यार्थी विवरण ( विद्यालय अनुगमन र उपस्थितिको नियमितता अनुसार )**

| क्र. सं. | विद्यालयको नाम | ठेगाना | इसिडि | | कक्षा १ देखि ५ | | कक्षा ६ देखि ८ | | कक्षा ९ र १० | | कक्षा ११ र १२ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साल | ८० | ८१ | ८० | ८१ | ८० | ८१ | ८० | ८१ | ८० | ८१ | ८० | ८१ |
| १ | लक्ष्मीपुरा आधारभूत विद्यालय | प्रतापपुर–१, | 25 | 25 | 102 | 96 | 54 | 57 | 0 | 0 | 0 | 0 | **181** | **178** |
| २ | ब्रह्मबाबा आधारभूत विद्यालय | प्रतापपुर–१, | 40 | 33 | 86 | 68 | 42 | 39 | 0 | 0 | 0 | 0 | **168** | **140** |
| ३ | आदर्श माध्यमिक विद्यालय | प्रतापपुर–२, | 69 | 67 | 192 | 201 | 217 | 249 | 299 | 303 | 239 | 168 | **1016** | **988** |
| ४ | जनता प्राथमिक विद्यालय | प्रतापपुर–२, | 22 | 23 | 193 | 150 | 0 | 0 | 0 | 0 | 0 | 0 | **215** | **173** |
| ५ | महेन्द्र माध्यमिक विद्यालय | प्रतापपुर–३, | 66 | 30 | 157 | 140 | 169 | 155 | 139 | 135 | 0 | 0 | **531** | **460** |
| ६ | विरेन्द्र आधारभूत विद्यालय | प्रतापपुर–३, | 18 | 25 | 108 | 114 | 59 | 58 | 0 | 0 | 0 | 0 | **185** | **197** |
| ७ | सावित्री आधारभूत विद्यालय | प्रतापपुर–४, | 28 | 23 | 77 | 71 | 38 | 36 | 0 | 0 | 0 | 0 | **143** | **130** |
| ८ | जनजागृति आधारभूत विद्यालय | प्रतापपुर–४, | 27 | 25 | 94 | 100 | 62 | 63 | 0 | 0 | 0 | 0 | **183** | **188** |
| ९ | जनता आधारभूत विद्यालय | प्रतापपुर–४, | 25 | 27 | 79 | 65 | 41 | 49 | 0 | 0 | 0 | 0 | **145** | **141** |
| १० | गणेश प्राथमिक विद्यालय | प्रतापपुर–५, | 23 | 30 | 94 | 102 | 0 | 0 | 0 | 0 | 0 | 0 | **117** | **132** |
| ११ | गणेश माध्यमिक विद्यालय | प्रतापपुर–५, | 50 | 43 | 338 | 288 | 235 | 202 | 118 | 117 | 0 | 0 | **741** | **650** |
| १२ | जनता प्राथमिक विद्यालय | प्रतापपुर–५, | 26 | 18 | 99 | 88 | 0 | 0 | 0 | 0 | 0 | 0 | **125** | **106** |
| १३ | जनजागृति माध्यमिक विद्यालय | प्रतापपुर–६, | 50 | 40 | 251 | 221 | 180 | 158 | 132 | 109 | 113 | 67 | **726** | **595** |
| १४ | गणेशमान प्राथमिक विद्यालय | प्रतापपुर–६, | 34 | 23 | 39 | 31 | 0 | 0 | 0 | 0 | 0 | 0 | **73** | **54** |
| १५ | जीवनज्योति प्राथमिक विद्यालय | प्रतापपुर–७, | 3 | 5 | 34 | 27 | 0 | 0 | 0 | 0 | 0 | 0 | **37** | **32** |
| १६ | गणेश माध्यमिक विद्यालय | प्रतापपुर–७, | 40 | 35 | 211 | 178 | 169 | 139 | 92 | 108 | 0 | 0 | **512** | **460** |
| १७ | ज्ञानमन्दिर आधारभूत विद्यालय | प्रतापपुर–७, | 33 | 26 | 74 | 70 | 8 | 12 | 0 | 0 | 0 | 0 | **115** | **108** |
| १८ | बी.पी.स्मृति प्राथमिक विद्यालय | प्रतापपुर–८, | 33 | 31 | 60 | 59 | 0 | 0 | 0 | 0 | 0 | 0 | **93** | **90** |

| क्र. सं. | विद्यालयको नाम | ठेगाना | इसिडि | | कक्षा १ देखि ५ | | कक्षा ६ देखि ८ | | कक्षा ९ र १० | | कक्षा ११ र १२ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साल | ८० | ८१ | ८० | ८१ | ८० | ८१ | ८० | ८१ | ८० | ८१ | ८० | ८१ |
| १९ | डम्बर बहादुर आधारभूत विद्यालय | प्रतापपुर–८, | 44 | 31 | 250 | 202 | 191 | 162 | 0 | 51 | 0 | 0 | **485** | **446** |
| २० | ज्ञानज्योति प्राथमिक विद्यालय | प्रतापपुर–९, | 47 | 53 | 83 | 82 | 0 | 0 | 0 | 0 | 0 | 0 | **130** | **135** |
| २१ | कोटही प्राथमिक विद्यालय | प्रतापपुर–९, | 43 | 20 | 113 | 106 | 0 | 0 | 0 | 0 | 0 | 0 | **156** | **126** |
| २२ | बाल्मिकी आधारभूत विद्यालय | प्रतापपुर–९, | 34 | 35 | 110 | 104 | 57 | 49 | 0 | 0 | 0 | 0 | **201** | **188** |
| २३ | त्रिभुवन माध्यमिक विद्यालय | प्रतापपुर–९, | 72 | 72 | 454 | 467 | 399 | 353 | 308 | 268 | 387 | 267 | **1620** | **1427** |
| २४ | मदरसा अरबिया अलहे हर्षपुरा | प्रतापपुर–४, | 0 | | 52 | 63 | 0 | 0 | 0 | 0 | 0 | 0 | **52** | **63** |
| २५ | मदरसा अजिजिया अहले सुन्नत | प्रतापपुर–५, | 12 | 17 | 16 | 21 | 0 | 0 | 0 | 0 | 0 | 0 | **28** | **38** |
| २६ | मदरसा रहमतीया श्रीरामपुर | प्रतापपुर–५, | 19 | 16 | 26 | 35 | 0 | 0 | 0 | 0 | 0 | 0 | **45** | **51** |
| २७ | मदरसा मदीनतुल ओलम हरपुर | प्रतापपुर–६, | 36 | 26 | 131 | 133 | 86 | 90 | 45 | 45 | 15 | 10 | **313** | **304** |
| २८ | मदरसा दारुल किताब वस्सुनह | प्रतापपुर–७, | 0 | | 47 | 62 | 0 | 0 | 0 | 0 | 0 | 0 | **47** | **62** |
| २९ | मदरसा अरबिया अलहे सोमनी | प्रतापपुर–३, | 0 | | 26 | 38 | 0 | 0 | 0 | 0 | 0 | 0 | **26** | **38** |
| ३० | पशुपति शिक्षा मन्दिर जमुनिया क | प्रतापपुर–१, | 24 | 19 | 50 | 36 | 0 | 0 | 0 | 0 | 0 | 0 | **74** | **55** |
| ३१ | पशुपति शिक्षा मन्दिर सूर्यपुरा ख | प्रतापपुर–७, | 62 | 75 | 85 | 83 | 0 | 0 | 0 | 0 | 0 | 0 | **147** | **158** |
| | | | **1005** | **893** | **3731** | **3501** | **2007** | **1871** | **1133** | **1136** | **754** | **512** | **8630** | **7913** |

शैक्षिक सत्र २०८०/२०८१ को विद्यार्थी विवरण




शैक्षिक सत्र २०८० र २०८१ को विद्यार्थी विवरणलाइ तुलना गर्दा शैक्षिक सत्र २०८० भन्दा २०८१ मा ७१७ जना विद्यार्थी गाउँपालिकाको सामुदायिक तथा धार्मिक विद्यालयबाट घटेको र विद्यार्थी संख्या उच्च भएका सबै जसो विद्यालयको विद्यार्थी संख्या घट्दो क्रममा रहेको देखिन्छ । उच्च विद्यार्थी भएको त्रिभुवन माध्यमिक विद्यालय बेलाटारी र आदर्श माध्यमिक विद्यालय सेमरी देखिन्छ भने न्यून विद्यार्थी  जीवनज्योति प्राथमिक विद्यालय झुलनिपुर र गणेशमान प्राथमिक विद्यालय केवलपुर रहेको देखिन्छ ।

## ३.२ शैक्षिक जनशक्ति

### दरबन्दी विवरण शैक्षिक सत्र २०८१

| क्र. सं. | विद्यालयको नाम | वडा नं. | स्थान | प्रा.वि. दरबन्दी | | | नि.मा.वि. दरबन्दी | | | मा.वि. दरबन्दी | | | | उ.मा.वि. दरबन्दी | | | | गाउँ पालिका अनुदान | | | अन्यत्र शैक्षिक | | | बाल विकास स्वीकृत | जम्मा शिक्षक संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | नि.मि.अ. | स्वीकृत | राहत | जम्मा | नि.मि.अ. | स्वीकृत | राहत | जम्मा | प्रा.वि. | नि.मा.वि. | मा.वि. | प्रा.वि. | नि.मा.वि. | मा.वि. | | |
| १ | लक्ष्मीपुरा आधारभूत विद्यालय | प्रतापपुर–१, | सिसहनिया | ४ | २ | ६ | | ० | ० | १ | | | 0 | | | | 0 | | १ | | | | | १ | १० |
| २ | ब्रह्मस्थान आधारभूत विद्यालय | प्रतापपुर–१, | जमुनिया | ४ | | ४ | | १ | १ | | | | 0 | | | | 0 | | १ | | १ | १ | | १ | ९ |
| ३ | आदर्श माध्यमिक विद्यालय | प्रतापपुर–२, | सेमरी | ५ | | ५ | ४ | ३ | ७ | | ५ | | 5 | | | २ | 2 | | | | | | | २ | २१ |
| ४ | जनता प्राथमिक विद्यालय | प्रतापपुर–२, | घोडहा | ३ | २ | ५ | | | ० | | | | 0 | | | | 0 | १ | | | २ | | | २ | १० |
| ५ | महेन्द्र माध्यमिक विद्यालय | प्रतापपुर–३, | सोमनी | ४ | ३ | ७ | | ४ | ४ | | | | 0 | ३ | | | 0 | | | | १ | | १ | २ | १८ |
| ६ | जितेन्द्र आधारभूत विद्यालय | प्रतापपुर–३, | बरगदवा | ५ | १ | ६ | | | ० | १ | | | 0 | | | | 0 | | १ | | १ | | | १ | १० |
| ७ | सावित्री आधारभूत विद्यालय | प्रतापपुर–४, | हर्षपुरा | ३ | १ | ४ | | | ० | १ | | | 0 | | | | 0 | | | | १ | २ | | १ | ९ |
| ८ | जनजागृति आधारभूत विद्यालय | प्रतापपुर–४, | तुलोखैरटवा | ४ | १ | ५ | | | ० | १ | | | 0 | | | | 0 | | | | | २ | | १ | ९ |
| ९ | जनता आधारभूत विद्यालय | प्रतापपुर–४, | बर्दघाट | २ | १ | ३ | | | ० | १ | | | 0 | | | | 0 | | १ | | ३ | १ | | १ | १० |
| १० | गणेश प्राथमिक विद्यालय | प्रतापपुर–५, | बडकी बैदौली | २ | १ | ३ | | | ० | | | | 0 | | | | 0 | | | | १ | | | १ | ५ |
| ११ | गणेश माध्यमिक विद्यालय | प्रतापपुर–५, | बसहिया | ६ | ३ | ९ | | ५ | ५ | | | | 0 | ३ | | | 0 | | | | ० | | १ | १ | १९ |
| १२ | जनता प्राथमिक विद्यालय | प्रतापपुर–५, | पर्सौनी | ३ | | ३ | | | ० | | | | 0 | | | | 0 | | | | १ | | | १ | ५ |
| १३ | जनजागृति माध्यमिक विद्यालय | प्रतापपुर–६, | गुठीप्रसौनी | ९ | | ९ | ४ | | ४ | | २ | २ | 4 | | | २ | 2 | | | | | | | २ | २१ |
| १४ | गणेशमान प्राथमिक विद्यालय | प्रतापपुर–६, | केवलपुर | १ | १ | २ | | | ० | | | | 0 | | | | 0 | | | | | | | १ | ३ |
| १५ | जीवनज्योति प्राथमिक विद्यालय | प्रतापपुर–७, | झुलनीपुर | ३ | | ३ | | | ० | | | | 0 | | | | 0 | | | | १ | | | १ | ५ |
| १६ | गणेश माध्यमिक विद्यालय | प्रतापपुर–७, | जगन्नाथपुर | ६ | | ६ | १ | १ | २ | | | १ | 1 | २ | | | 0 | | | १ | १ | १ | | १ | १५ |
| १७ | ज्ञानमन्दिर आधारभूत विद्यालय | प्रतापपुर–७, | सूर्यपुरा | २ | २ | ४ | | | ० | | | | 0 | | | | 0 | | | | २ | | | १ | ७ |
| १८ | बी.पी.स्मृति प्राथमिक विद्यालय | प्रतापपुर–८, | मर्चहवा | १ | १ | २ | | | ० | | | | 0 | | | | 0 | | | | १ | | | १ | ४ |

| क्र. सं. | विद्यालयको नाम | वडा नं. | स्थान | प्रा.वि. दरबन्दी | | | नि.मा.वि. दरबन्दी | | | मा.वि. दरबन्दी | | | | उ.मा.वि. दरबन्दी | | | | गाउँपालिका अनुदान | | | अव्यक्त शैक्षिक | | | बाल विकास स्वीकृत | जम्मा शिक्षक संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | शि.सि.अ. | स्वीकृत | राहत | जम्मा | शि.सि.अ. | स्वीकृत | राहत | जम्मा | प्रा.वि. | नि.मा.वि. | मा.वि. | प्रा.वि. | नि.मा.वि. | मा.वि. | | |
| १९ | जम्बर बहादुर माध्यमिक विद्यालय | प्रतापपुर–८, | पिपरपाती | ७ | १ | ८ | | ४ | ४ | | | | 0 | | | | 0 | | | | १ | | | २ | १५ |
| २० | ज्ञानज्योति प्राथमिक विद्यालय | प्रतापपुर–९, | अद्लिलही | २ | १ | ३ | | | ० | | | | 0 | | | | 0 | | | | १ | | | १ | ५ |
| २१ | कोठी प्राथमिक विद्यालय | प्रतापपुर–९, | मध्यपुर | २ | १ | ३ | | | ० | | | | 0 | | | | 0 | १ | | | १ | | | १ | ६ |
| २२ | वाल्मिकी आधारभूत विद्यालय | प्रतापपुर–९, | खैरहनी | ३ | १ | ४ | १ | | १ | | | | 0 | | | | 0 | | २ | | १ | | | १ | ९ |
| २३ | त्रिभुवन माध्यमिक विद्यालय | प्रतापपुर–९, | बेलाटारी | ११ | १ | १२ | ६ | | ६ | | ७ | २ | ९ | | ३ | | ३ | | | | | | | १ | ३१ |
| २४ | मदरसा मदिनतुल ओलुम माध्यमिक विद्यालय | प्रतापपुर–६, | हरपुर | | | | | | | | | | | | | | | | | | | | | १ | १ |
| २५ | मदरसा रहमानिया दारुल ओलुम श्रीरामपुर | प्रतापपुर–५, | श्रीरामपुर | | | | | | | | | | | | | | | | | | | | | १ | १ |
| २६ | मदरसा अरबिया अहले सुन्नत अनोरुल ओलुम | प्रतापपुर–५, | बैदौली | | | | | | | | | | | | | | | | | | | | | १ | १ |
| | जम्मा | | | ९२ | २४ | ११६ | १६ | १८ | ३४ | ५ | १४ | ६ | २० | ८ | ३ | ४ | ७ | २ | ७ | १ | २० | ७ | २ | ३१ | २६० |

माध्यमिक विद्यालयहरुमा हाल कार्यरत शिक्षकहरुको विवरणलाइ स्तम्भ चित्रमा देखाइएको छ।




माध्यमिक विद्यालयहरुको शिक्षक दरबन्दीको विवरणलाइ यस स्तम्भ चित्रमा हेर्दा सबै भन्दा धेरै शिक्षक त्रिभुवन माध्यमिक विद्यालय वेलाटारी र सबै भन्दा कम शिक्षक गणेश माध्यमिक विद्यालय जगन्नाथपुर र डम्बर बहादुर माध्यमिक विद्यालय पिपरपातीमा रहेको देखिन्छ। विद्यार्थी संख्याको अनुपातमा यस प्रतापपुर गाउँपालिकाको सबै माध्यमिक विद्यालयमा शिक्षक अपुग रहेको देखिन्छ। निम्न माध्यमिक र माध्यमिक तहको दरबन्दी र विद्यार्थीको तुलना गर्दा विषयगत शिक्षकको संख्या ज्यादै न्यून रहेको छ। ७ वटा माध्यमिक विद्यालय मध्ये माध्यमिक तहमा गणेश माध्यमिक विद्यालय वसहिया, महेन्द्र माध्यमिक विद्यालय सोमनी र डम्बर बहादुर माध्यमिक विद्यालय पिपरपातीमा शून्य दरबन्दी र गणेश माध्यमिक विद्यालय जगन्नाथपुरमा १ वटा मात्र दरबन्दी रहेको छ। शून्य दरबन्दी भएका दुइवटा विद्यालय गणेश मा.वि. वसहिया र महेन्द्र माध्यमिक विद्यालय सोमनीमा ३ दरबन्दी र गणेश माध्यमिक विद्यालय जगन्नाथपुरमा २ दरबन्दी संघीय अनुदानको रहेको छ। साथै अध्यक्ष शैक्षिक वेरोजगार सम्बोधन कार्यविधि अनुसार माध्यमिक तहमा तीन वटैमा एक एक जना शिक्षक थप व्यवस्थापन गरिएको छ।

**आधारभूत (कक्षा १ देखि ८) विद्यालयहरुमा हाल कार्यरत शिक्षकहरुको संख्या**




यस गाउँपालिकाका ८ वटा आधारभूत विद्यालय मध्ये ब्रह्मबाबा आधारभूत विद्यालय जमुनियामा १ वटा नि.मा.वि. राहत र बाल्मिकी आधारभूत विद्यालय खैरहनीमा १ वटा नि.मा.वि. स्थायी दरबन्दी बाहेक बाँकी ६ वटा विद्यालयमा शून्य दरबन्दी रहेको र, शून्य दरबन्दीको कारण संघीय अनुदान कार्यविधि अनुसार ५ वटा विद्यालयमा एक-एक जना शिक्षक व्यवस्थापन गरेपछिको शिक्षक संख्या र गाउँपालिका अनुदान र अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यविधि अनुसार प्रति विद्यालय ३ वटा मूल विषय शिक्षक रहने गरी शिक्षक व्यवस्थापन गरिएपछिको जम्मा शिक्षक विवरण माथिको चित्रमा देख्न सकिन्छ।

**आधारभूत तह (कक्षा १-५) संचालित विद्यालयको शिक्षक विवरण**




प्राथमिक तह संचालनमा रहेका विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको दृष्टिले शिक्षक संख्या पर्याप्त भएता पनि केही विद्यालयहरुमा एक-कक्षा, एक-शिक्षक व्यवस्थापन हुन नसकेको देखिन्छ । विद्यालयमा बहुकक्षा वाहेकका कक्षा सन्चालन गर्न एक - कक्षा, एक - शिक्षक हुन जरुरी छ । माथिको तथ्यांक अनुसार बालविकास सहित कक्षा ५ चलेका ५ जना वा सो भन्दा कम शिक्षक भएका विद्यालयलाइ थप शिक्षक व्यवस्थापन गर्नुपर्ने हुन्छ । विद्यालयको आवश्यकता र विकटताको आधारमा शिक्षक प्रयाप्त नभएका विद्यालयहरुलाइ थप शिक्षक व्यवस्थापन गर्नुपर्ने देखिन्छ । अन्यथा विद्यालय समायोजन गर्ने वा कक्षा घटाउनु पर्ने हुन्छ ।

## ३.३ सिकाइ उपलब्धि (कक्षा १२, कक्षा १० (S.E.E)., कक्षा ८ र कक्षा ५ को सिकाइ उपलब्धिको अवस्था)

### ३.३.१ प्रतापपुर गाउँपालिकाको सामुदायिक विद्यालयको कक्षा १२ को शैक्षिक सत्र २०८० को नतिजा

| क्र.सं. | विद्यालयको नाम | वडा नम्बर | स्थान | जम्मा विद्यार्थी संख्या | 3.6<G.P.A. ≤4 | 3.2<G.P.A. ≤3.6 | 2.8<G.P.A ≤3.2 | 2.4<G.P.A. ≤2.8 | 2.0<G.P.A. ≤2.4 | 1.6<G.P.A. ≤2.0 | 1.2<G.P.A. ≤1.6 | 0.8<G.P.A ≤1.2 | G.P.A. ≤0.8 | Absent | Total Pass % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आदर्श माध्यमिक विद्यालय | प्रतापपुर–२, | सेमरी | १२६ | | ५ | २१ | २७ | | | | | | ० | ५३ |
| | प्रतिशत | | | | 0.00 | 3.97 | 16.67 | 21.43 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | ४२.०६ |
| २ | जनजागृति माध्यमिक विद्यालय | प्रतापपुर–६, | गुठीप्रसौनी | ५७ | ० | ० | ५ | ११ | २ | | | | ० | ० | १८ |
| | प्रतिशत | | | | 0.00 | 0.00 | 8.77 | 19.30 | 3.51 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | ३१.६ |
| ३ | त्रिभुवन माध्यमिक विद्यालय | प्रतापपुर–९, | बेलाटारी | १९८ | | १ | ९ | ३५ | १० | | | | | ० | ५५ |
| | प्रतिशत | | | | 0.00 | 0.51 | 4.55 | 17.68 | 5.05 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | २७.७८ |
| | पालिकाको जम्मा विद्यार्थी संख्या | | | ३८१ | | ६ | ३५ | ७३ | १२ | | | | | ० | १२६ |
| | जम्मा उत्तीर्ण प्रतिशत | | | | 0.00 | 1.57 | 9.19 | 19.16 | 3.15 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | ३३.०७ |

### ३.३.२. क) प्रतापपुर गाउँपालिकाको सामुदायिक विद्यालयको S.E.E. नतिजा शैक्षिक सत्र २०७९

| क्र सं | विद्यालयको नाम | वडा नम्बर | स्थान | जम्मा विद्यार्थी संख्या | 3.6<G.P.A. ≤4 | 3.2<G.P.A. ≤3.6 | 2.8<G.P.A. ≤3.2 | 2.4<G.P.A. ≤2.8 | 2.0<G.P.A. ≤2.4 | 1.6<G.P.A. ≤2.0 | 1.2<G.P.A. ≤1.6 | 0.8<G.P.A ≤1.2 | G.P.A. ≤0.8 | Absent |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आदर्श माध्यमिक विद्यालय | प्रतापपुर–२, | सेमरी | ११९ | ० | २ | ७ | १० | ३२ | ४९ | १८ | ० | ० | १ |
| | प्रतिशत | | | | 0.00 | 1.68 | 5.88 | 8.40 | 26.89 | 41.18 | 15.13 | 0.00 | 0.00 | 0.84 |
| २ | महेन्द्र माध्यमिक विद्यालय | प्रतापपुर–३, | सोमनी | 60 | 0 | 0 | 0 | 8 | 8 | 17 | 23 | 0 | 0 | 1 |
| | प्रतिशत | | | | 0.00 | 0.00 | 0.00 | 13.33 | 13.33 | 28.33 | 38.33 | 0.00 | 0.00 | 1.67 |
| ३ | गंगेश माध्यमिक विद्यालय | प्रतापपुर–५, | | ५२ | ० | ० | ४ | ० | १३ | २८ | ६ | ० | ० | १ |
| | प्रतिशत | | | | 0.00 | 0.00 | 7.69 | 0.00 | 25.00 | 53.85 | 11.54 | 0.00 | 0.00 | 1.92 |
| ४ | जनजागृति माध्यमिक विद्यालय | प्रतापपुर–६, | गुठीप्रसौनी | ६९ | १ | ० | ३ | ६ | ७ | २८ | २० | २ | ० | १ |
| | प्रतिशत | | | | 1.45 | 0.00 | 4.35 | 8.70 | 10.14 | 40.58 | 28.99 | 2.90 | 0.00 | 1.45 |
| ५ | गणेश माध्यमिक विद्यालय | प्रतापपुर–७, | बगनाथपुर | ५० | ० | ० | ० | २ | १० | २१ | १६ | ० | ० | |
| | प्रतिशत | | | | 0.00 | 0.00 | 0.00 | 4.00 | 20.00 | 42.00 | 32.00 | 0.00 | 0.00 | 0.00 |
| ६ | त्रिभुवन माध्यमिक विद्यालय | प्रतापपुर–९, | बेलाटारी | १८६ | ० | २ | १३ | २० | २९ | ५८ | ६३ | १ | ० | 0 |
| | प्रतिशत | | | | 0.00 | 1.08 | 6.99 | 10.75 | 15.59 | 31.18 | 33.87 | 0.54 | 0.00 | 0.00 |
| | पालिकाको जम्मा विद्यार्थी संख्या | | | ५३६ | १ | ४ | २७ | ४६ | ९९ | २०१ | १४६ | ३ | ० | ४ |
| | जम्मा उत्तीर्ण प्रतिशत | | | | 0.19 | 0.75 | 5.04 | 8.58 | 18.47 | 37.50 | 27.24 | 0.56 | 0.00 | 0.75 |

## ३.३.२. ख) प्रतापपुर गाउँपालिकाको सामुदायिक विद्यालयको S.E.E. नतिजा शैक्षिक सत्र २०८०

| क्र सं | विद्यालयको नाम | वडा नम्बर | स्थान | जम्मा विद्यार्थी संख्या | 3.6<G.P.A.≤4 | 3.2<G.P.A.≤3.6 | 2.8<G.P.A.≤3.2 | 2.4<G.P.A.≤2.8 | 2.0<G.P.A.≤2.4 | 1.6<G.P.A.≤2.0 | 1.2<G.P.A.≤1.6 | 0.8<G.P.A.≤1.2 | G.P.A.≤0.8 | Absent | Total pass % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आदर्श माध्यमिक विद्यालय | प्रतापपुर–२, | सेमरी | ११८ | | २ | ६ | ६ | | | | | | ४ | १४ |
| | प्रतिशत | | | | 0.00 | 1.69 | 5.08 | 5.08 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 3.39 | ११.८६ |
| २ | महेन्द्र माध्यमिक विद्यालय | प्रतापपुर–३, | सोमनी | ३६ | | | 2 | 2 | | | | | | | ४ |
| | प्रतिशत | | | | 0.00 | 0.00 | 5.56 | 5.56 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | ११.११ |
| ३ | गणेश माध्यमिक विद्यालय | प्रतापपुर–५, | बसहिया | ३१ | | | | ४ | २ | | | | | | ६ |
| | प्रतिशत | | | | 0.00 | 0.00 | 0.00 | 12.90 | 6.45 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | १९.३५ |
| ४ | जनजागृति माध्यमिक विद्यालय | प्रतापपुर–६, | गुठीपर्सौनी | ५४ | | २ | ३ | ४ | | | | | ० | | ९ |
| | प्रतिशत | | | | 0.00 | 3.70 | 5.56 | 7.41 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | १६.६७ |
| ५ | गणेश माध्यमिक विद्यालय | प्रतापपुर–७, | जगन्नाथपुर | ३० | | | ५ | १ | | | | | | | ६ |
| | प्रतिशत | | | | 0.00 | 0.00 | 16.67 | 3.33 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | २०.० |
| ६ | त्रिभुवन माध्यमिक विद्यालय | प्रतापपुर–९, | बेलाटारी | १११ | | ८ | ७ | ९ | | | | | | १ | २४ |
| | प्रतिशत | | | | 0.00 | 7.21 | 6.31 | 8.11 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.90 | २१.६२ |
| | पालिकाको जम्मा विद्यार्थी संख्या | | | ३८० | | १२ | २३ | २६ | २ | | | | | ५ | ६३ |
| | जम्मा उत्तीर्ण प्रतिशत | | | | 0.00 | 3.16 | 6.05 | 6.84 | 0.53 | 0.00 | 0.00 | 0.00 | 0.00 | 1.32 | १६.०५ |

प्रतापपुर गाउँपालिकाको सामुदायिक विद्यालयको S.E.E. उत्तीर्ण दर (शैक्षिक सत्र २०७९ र २०८०)




शैक्षिक सत्र २०७९ र २०८० को एस इ इ परीक्षाको नतिजालाइ तुलनात्मक रुपमा हेर्दा विद्यार्थी उत्तीर्ण प्रतिशत शैक्षिक सत्र २०७९ को धैरै बढी देखिन्छ । यसरी उत्तीर्ण प्रतिशतमा ठूलो विविधता आउनु मूल्यांकनको मापदण्ड नै प्रमुख कारण हो । विद्यार्थीले शैक्षिक सत्र २०७९ मा सबै विषयको औषत १.६ जिपीए ल्याउँदा उत्तीर्ण हुने व्यवस्था थियो भने शैक्षिक सत्र २०८० मा सबै विषयमा जिपीए १.६ ल्याए मात्र उत्तीर्ण हुने व्यवस्थाको कारण उच्च संख्यामा विद्यार्थी उत्तीर्ण दर घटेको देखिन्छ । शैक्षिक सत्र २०७९ मा सबै भन्दा धैरै विद्यार्थी उत्तीर्ण हुने विद्यालय क्रमश गणेश माध्यमिक विद्यालय वसहिया र आदर्श माध्यमिक विद्यालय सेमरी देखिन्छ भने शैक्षिक सत्र २०८० मा सबै भन्दा धैरै विद्यार्थी उत्तीर्ण हुने विद्यालय त्रिभुवन माध्यमिक विद्यालय वेलाटारी र गणेश माध्यमिक विद्यालय जगन्नाथपुरको देखिन्छ ।

## ३.३.३. सामुदायिक विद्यालयको शैक्षिक सत्र २०८० को कक्षा ८ को नतिजा

| S.N. | Name of School | Subject Wise Total GPA | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
